आमाबुवा प्रतिको कर्तव्यनिष्ठ सूत्र

百孝經

The Sutra of 100 Filial Piety

निशुल्क वितरण

आमाबुबा प्रतिको कर्तव्यनिष्ठ सूत्र पढिसकेपछि स्वतन्त्र रुपले यो सूत्र अरुलाई पनि वितरण गर्नुहोला । साथै आफूले पढेर बुझेको कुरा अरुसंग पनि बाँडनु होला ।

तपाईको पूण्य कार्य असीमित छ ।

क्वाङ्ग चाउ फो थाङ्ग (बुद्ध विहार) मा महान थियन टाव ग्रहन गर्न आउनुहुनेछ भन्ने आशा राख्दछौं ।

बुद्ध बिहार

BUDDHA BIHAR

Kuang Jaow Faw Thag

Khushibu Nayabazar
Kathmandu, Nepal
Tel: 01-621604, Mobile, 9841354919



The Sutra of 100 Filial Piety

天 地 重 孝 孝 當 先

थिएन ती चोङ स्याव स्याव ताङ सियन

१. स्वर्ग र पृथ्वीले कर्तव्यपरायणतालाई नै पहिलो प्राथमिकता दिएको हुन्छ ।

一 個 孝 字 全 家 安

इ क स्याव च छुयान् च्या आन

२. परिवारको एकजना सदस्य मात्र आमाबाबुप्रति कर्तव्यनिष्ठ भएमा सम्पूर्ण परिवार सुखी हुन सक्छ ।

孝 順 能 生 孝 順 子

स्याव सुन् नङ सङ स्याव सुन् चु

३. कर्तव्यप्रति निष्ठावन व्यक्तिका सन्ततिहरु आज्ञाकारी हुनेछन् ।

孝 順 子 弟 必 明 賢

स्याव सुन् चु ती पी मिङ सियान

४. त्यो व्यक्ति बुद्धिमान हुनुका साथै उसका उत्तराधिकारी पनि ऊ जस्तै प्रतिभावान हुनेछ ।

孝 是 人 道 第 一 步

स्याव सु रन ताव ती इ पु

५. कर्तव्यपरायणता, कर्तव्यनिष्ठता नै मानवताको पहिलो चरण हो ।

孝 子 謝 世 即 為 仙

स्याव चु स्या सु ची वए सियान

६. एउटा कर्तव्यवान सन्तान नै आफ्नो जीवनपछिसम्म पनि अमर वा प्रसिद्ध व्यक्ति हुनेछ ।

自 古 忠 臣 多 孝 子

चु कु चोङ छन् त्वा स्याव चु

७. प्राचीन समयदेखि नै इमान्दार र विश्वासिलो सरकारी अधिकारीहरु बाबु-आमाका आज्ञाकारी र कर्तव्यनिष्ठ सन्तान थिए ।

君 選 賢 臣 舉 孝 廉

चुइन सुयान सियान छन् चुई स्याव लियान

८. बुद्धिमान सम्राटहरुले पनि आफ्ना अंगरक्षक वा अधिकारीहरु कर्तव्यपराण सन्ततिहरुबाट छान्ने गर्थे ।

盡 心 竭 力 孝 父 母

चिन् सिन् च्या ली स्याव फु मु

९. हामीले आफ्नो शक्ति वा सामर्थ्यले भ्याउन्जेलसम्म आमाबाबुप्रति कर्तव्यपरायण हुन सक्नुपर्छ ।

孝 道 不 獨 講 吃 穿

स्याव ताउ पु तो चियाङ छु छ्वान

१०. आमा-बाबुप्रति उत्तरदायी हुनु भनेको मीठो खाना र राम्रो लाउनदिनु मात्र होईन ।

孝 道 貴 在 心 中 孝

स्याव ताउ कुई चाई सीन चोङ स्याव

११. हामीले आफ्नो वास्तविक हृदयदेखि नै आफ्नोंकर्मप्रति उत्तरदायी हुन सक्नुपर्छ ।

孝 親 親 責 莫 回 言

स्याव छिन् छिन् च म हुई इयान

१२.यदि अभिभावकले केही काम लगाइहाले वा गालि गरे पनि हामीले धैर्यपूर्वक सुन्न सक्नुपर्छ ।

惜 乎 人 間 不 識 孝

सी हु रन् चियान पु सु स्याव

१३. यो वास्तवमा दुःखको कुरा हो की आजकाल मानिसहरु कर्तव्यपराणता वा आज्ञाकारीतालाई बुझ्दैनन् ।

回 心 復 孝 天 理 還

हुई सीन फु स्याव थियान ली ह्वान्

१४. यदि हामीले कर्तव्यपरायणलाई सही बाटोमा लैजान सकेको खण्डमा स्वर्गले हामीलाई राम्रो भाग्य प्रदान गर्नेछ ।

諸 事 不 順 因 不 孝

चु सु पु सुन् इन् पु स्याव

१५.यदि हामी कर्तव्यनिष्ठ भएनौ भने हाम्रो जीवन पनि दु ख भय र असफल हुनेछ ।

怎 知 孝 能 感 動 天

चन् चु स्याव नङ कान तोङ थियान्

१६. वास्तविक कर्तव्यनिष्ठताले स्वर्गीय हृदयलाई छुन सक्दछ ।

孝 道 貴 順 無 他 妙

स्याव ताउ कुई सुन् ऊ था म्याउ

१७. एउटा कर्तव्यपरायण बाल-बालिका अनाज्ञाकारी वा दुग्रही हुन सक्दैन ।

孝 順 不 分 女 共 男

स्याव सुन पु फन नुई कोङ नान्

१८. कर्तव्यनिष्ठ महिला र पुरुष दुवैको लागि समान हुन्छ ।

福 祿 皆 由 孝 字 得

फू लु चिया यो स्याव चु त

१९. कर्तव्यपरायणले हाम्रो भाग्य र पुण्य एकसाथ ल्याउँछ ।

天 將 孝 子 另 眼 觀

थियान चियाङ स्याव चु लिङ इयान कुवान

२०. स्वर्गले जहिले पनि असल मानिसहरुलाई विशेष निगरानी गरिरहेको हुन्छ जो कर्तव्यपरायण हुन्छ ।

人 人 都 可 孝 父 母

रन रन तो ख स्याव फु मु

२१. हामी सम्पूर्ण मानव जाति आमा-बाबुप्रति कर्तव्यनिष्ठ हुनुपर्छ ।

孝 敬 父 母 如 敬 天

स्याव चिङ फु मु रु चिङ थियान्

२२. हामीले हाम्रा बाबु-आमाप्रति आदर भाव राख्नु स्वर्गको पुजा गरे समान हुन्छ ।

孝 子 口 裡 有 孝 語

स्याव चु खो ली यो स्याव उई

२३. एउटा आज्ञाकारी नैतिकवान बालक-बालिकाले बोल्ने बोलीबाट पनि उसको नैतिकता झल्कन्छ ।

孝 婦 面 上 帶 孝 顏

स्याव फू मियान साङ ताई स्याव इयान

२४. जस्तो कि एउटा कर्तव्यनिष्ठ बुहारी पनि सासु-ससुराप्रति कृतज्ञ भावले मुस्कान छर्छिन । त्यसले उनको हृदय देखिको आदरभावको प्रतिनिधित्व गर्दछ ।

公 婆 上 邊 能 盡 孝

कोङ फ साङ पियान नङ चिन स्याव

२५.एउटी बुहारी पनि सासु ससुराप्रति कर्तव्यपरायण हुन सक्छिन् ।

又 落 孝 來 又 落 賢

यु लुवा स्याव लाई यु लुवा सीयान्

२६. तिनी जो कर्तव्यपरायण छिन् उनीसँग वास्तविक विवेक हुन्छ ।

女 得 淑 名 先 學 孝

नुई त सु मिङ सीयान सुया स्याव

२७. एउटी असल, सभ्य सुसंस्कृत चाल-चलन भएकी नारी नै ती गुणहरुले गर्दा कर्तव्यनिष्ठताको उदाहरण हुन सक्छिन् ।

三 從 四 德 孝 在 前

सान छोङ सु त स्याव चाई छियान

२८. वास्तविक नारीत्व भएका नारीहरुको स्वभाव रहनसहन, चालचलन इत्यादिले कर्तव्यपरायणको प्रतिनिधित्व गर्दछ ।

孝 在 鄉 黨 人 欽 敬

स्याव चाई सीयाङ ताङ रन छिङ चिङ

२९. जो व्यक्ति कर्तव्यनिष्ठ छ। त्यस्ता मानिसको प्रशंसा र स्तुति गाउने गर्दछन् ।

孝 在 家 中 大 小 歡

स्याव चाई चिया चोङ, ता सिया हवान

३०. जहाँ कर्तव्यपरायणता हुन्छ त्यहाँ उपल्लो श्रेणीका र तल्लो श्रेणीका व्यक्ति बीच भाईचारा हुनको साथै सुखमय वातावरण देखिन्छ

孝 子 逢 人 就 勸 孝

स्याव चु फङ रन च्यु छ्यान स्याव

३१.कर्तव्यपरायण व्यक्ति आफ्नो कर्तव्यप्रति इमान्दार हुनुको निम्ति अभिप्रेरित हुन्छ ।

孝 化 風 俗 人 品 端

स्याव ह्वा फङ सु रन फिन त्वान

३२. कर्तव्यपरायणताले आफ्नो संस्कृति, परम्परा रीतिरिवाज सही बाटोमा दोऱ्याउन मद्दत गर्दछ ।

生 前 孝 子 聲 價 貴

सङ छियान स्याव चु स च्या कुई

३३. कर्तव्यवान व्यक्तिहरुको जीवन साधारण व्यक्तिको भन्दा महत्वपूर्ण र उच्चकोटीको हुने गर्दछ ।

死 後 孝 子 萬 古 傳

सु हो स्याव चु वान् कु छुवान

३४. मानिसहरुले त्यस्ता (असल, कर्तव्यपरायण इमान्दार) व्यक्तिहरुलाई कहिल्यै पनि बिर्सदैनन् या बिर्सन सक्दैनन् ।

處 事 惟 有 孝 力 大

छु सु वए यो स्याव ली ता

३५. कर्तव्यनिष्ठताकै कारणले गर्दा नै हामीले गरेका काम कर्तव्यहरु सफलतातर्फ उन्मुख हुन प्रेरणा प्रदान गर्दछन् ।

孝 能 感 動 地 和 天

स्याव नङ कान् तोङ ती ह थियान

३६. कर्तव्यपरायणताको शक्तिले गर्दा नै स्वर्ग र धर्तीलाई एउटै एकताको सुत्रमा आबद्ध गर्नमा मद्दत गर्दछ ।

孝 經 孝 文 把 孝 勸

स्याव चिङ स्याव वन् पा स्याव छ्यान

३७.आज्ञाकारीताको सूत्र वा विनम्रताको प्रभावले हामीलाई कर्तव्यनिष्ठ वा इमान्दार बन्नमा प्रभाव पार्दछ । (हाम्रो जीवनमा)

孝 父 孝 母 孝 祖 先

स्याव फु स्याव मु स्याव चु सीयान

३८. कर्तव्यपरायणता भन्नाले हाम्रा हजुरबुबा र हजुरआमा देखि बुबा-आमा हुँदै आफ्ना मान्यजनहरु प्रतिको दायित्वलाई बुझिन्छ ।

父 母 生 子 原 為 孝

फू मु सङ चु उयान वए स्याव

३९. हामी हाम्रा पूर्वजहरु प्रति कर्तव्यनिष्ठ हुनाले नै हामीले हाम्रो असल भाग्य निर्माण गर्न र आफूलाई सही मार्गमा अग्रसर गराउन सक्छौं ।

能 孝 就 是 好 兒 男

नङ स्याव चिउ सु हाव अर नान्

४०. एउटा कर्तव्यनिष्ठ सन्तान नै एउटा असल सन्तानको उदाहरण बन्न सक्छ ।

為 人 能 把 父 母 孝

वए रन् नङ पा फु मु स्याव

४१. मानव जीवन भन्नाले हामी हाम्रा बाबु-आमा र हाम्रा मान्यजनप्रति कर्तव्यपरायण हुन नै यसको प्रमुख अर्थ हुन्छ।

下 輩 孝 子 照 樣 還

सिया पे स्याव चु चाव याङ हुवान्

४२. यदि हामी कर्तव्यपरायण बन्न सकेको खण्डमा नै हाम्रा भावी सन्ततिहरुले पनि यहि उत्तम बाटो अवलम्बन गर्नेछन्।

堂 上 父 母 不 知 孝

थाङ साङ फु मु पु चु स्याव

४३. हामी हाम्रो बाबु आमाप्रति आभारी नभएको खण्डमा गरिबी, रोग, भोक इत्यादिले हामीलाई सताउने छ।

不 孝 受 窮 莫 怨 天

पु स्याव सो छ्योङ मो युयन थियन

४४. त्यस्ता कठिनाईहरुको सामना गर्न परेको खण्डमा भगवानलाई दोष दिनु मूर्खता हुनेछ।

孝 子 面 帶 太 和 象

स्याव चु मियान ताई थाई ह स्याङ

४५. ककर्तव्यनिष्ठ वा आफ्नो कर्तव्यप्रति इमान्दार व्यक्तिको उपस्थिति एकदमै राम्रा वा शोभनिय हुने गर्दछ जुन सबै ठाउँमा हुन्छ ।

入 孝 出 悌 自 然 安

यु स्याव छु थि चु यान आन

४६. आफ्नो घरभित्र मात्र कर्तव्यपरायण नभई सामाजिक परिस्थिति र हरेक वातावरणमा उदाहरण भई प्रतिविम्वीत गर्न सक्नु पर्दछ ।

親 在 應 孝 不 知 孝

छिन् चाई इङ स्याव पु चु स्याव

४७. हाम्रो आमाबुबा जिवित रहदै हामीले हाम्रो दायित्व पूरा गर्नु पर्दछ ।

親 死 知 孝 後 悔 難

छिन् सु चु स्याव हो हुाइ नान्

४८. उहाँहरुको भौतिक शरीर नरहेपछि उहाँहरुप्रति उत्तरदायित्व पूरा गर्न सकिदैनौं ।

孝 在 心 孝 不 在 貌

स्याव चाई सिन स्याव पु चाई माऊ

४९.राम्रा आचरणहरुले हृदय देखिनै आमा-बुबाप्रति कर्तव्यनिष्ठता वा बहन गर्नु नै सही मानव कर्तव्य एव सेवा भाव हो ।

孝 貴 實 行 不 在 言

स्याव कुइ सु सीङ पु चाई इयान

५०.आमा-बुबाप्रतिको कर्तव्यनिष्ठको विषयमा बोल्नु मात्र होइन व्यवहारिकतामा पनि पालना गर्नुपर्दछ ।

孝 子 齊 家 全 家 樂

स्याव चु छि च्या छुयान च्या ल

५१. यस निष्ठा, प्रेम र सद्भावले हामीलाई सुख, शान्ति र पारिवारिक आनन्द दिन्छ ।

孝 子 治 國 萬 民 安

स्याव चु चु क्वा वान् मिन आन्

५२. निष्ठावान व्यक्तिले आफ्ना इष्टमित्रलाई पनि सुख र खुशीको सद्मार्ग देखाई राखेको हुन्छ ।

五 穀 豐 登 皆 因 孝

ऊ कु फङ तङ चिया ईन स्याव

५३. माटो उव्जनशील छ, मात्र कमी छ सृजनशीलता र कर्तव्यनिष्ठा, यससँग हामीहरु विमुख छौं ।

一 孝 即 是 太 平 年

यी स्याव ची सु थाई फिङ नियान्

५४. अहिलेसम्म हामी सुरक्षित छौं, किनकि हामी निष्ठावान छौं ।

能 孝 不 在 貧 和 富

नङ स्याव पु चाई फिन् ह फू

५५. धनी अथवा गरिब दुवै व्यक्ति निष्ठावान हुन सक्छन् । कर्तव्यवान हुनको लागि धनी नै हुनुपर्छ भन्ने जरुरी छैन ।

善 體 親 心 是 孝 男

सान् थी छिन् सिन् सु स्याव नान्

५६. पारिवारीक आनन्द केवल निष्ठावान व्यक्तिबाट जन्मन्छ ।

兄 弟 和 睦 即 為 孝

स्योङ ति ह मु ची वए स्याव

५७. दाजुभाई दिदीबहिनीको माया सद्भाव र शुद्ध विचारले असल समाज बन्छ भने, निष्ठा पनि यहि समाजबाट सगठित हुन्छ वा जन्मन्छ ।

忍 讓 二 字 把 孝 全

रन् याङ अर चु पा स्याव छुयान

५८. धैर्यता यो शब्द मानिसले गल्ती गरेको खण्डमा पनि क्षमा गर्न सक्ने र धैर्यवान गर्न सक्ने क्षमता नै कर्तव्य निष्ठता हो ।

孝 從 難 處 見 真 孝

स्याव छोङ नान् छु चीयन चन स्याव

५९. कर्तव्यनिष्ठवान व्यक्तिले जुनसुकै अप्ठ्यारो परिस्थितिमा आफ्नो परिवारलाई सुखी र खुशी राख्न हर संभव प्रयास गर्दछ ।

孝 容 滿 面 承 親 顏

स्याव योङ मान मीयन् छङ छिन् इयान

६०. कर्तव्यनिष्ठ व्यक्ति सदैव आमाबाबु प्रति हँसिलो र खुशी देखिन लालयित रहन्छ ।

父 母 雙 全 正 宜 孝

फु मु स्वाङ छुयान् चङ इ स्याव

६१.यदि हाम्रा बुबा आमा जिवितै हुनुहुन्छ भने हामी धन्य हुनुपर्छ । किनकि यो निष्ठा देखाउने एउटा मात्र सुनौलो अवसर हो । Kuan Kwai

孝 思 鰥 寡 親 影 單

स्याव सु लि क्वा छिन इङ तान

६२. हामीसँग बुवा अथवा आमा मध्ये एकजना हुनुहुन्छ भने उहाँलाई हामीले सक्दो साथ दिनुपर्दछ न कि एक्लो छोड्ने होईन ।

趕 緊 孝 來 光 陰 快

कान चीन स्याव लाई कुवाङ इन ख्वाई

६३.जीवन सिमित छ, त्यसकारण हामीले आफूले गर्नुपर्ने कर्तव्यलाई कहिल्यै भुल्नु हुँदैन ।

親 由 我 孝 壽 由 天

छिन् यु व स्याव सो यु थियन

६४. बुवाआमाको निम्ति कर्तव्यनिष्ठ छोरा-छोरीबाट आउँछ भने लामो जीवन स्वर्गको बरदान हो वा स्वर्ग पाईन्छ ।

生 前 為 孝 方 為 孝

सङ छियन नङ स्याव फाङ वए स्याव

६५. यदि बुबाआमा हामीसँग जिवित नै हुनुहुन्छ भने त्यो नै वास्तवमा यथार्थ परक कर्तव्यपरायणता हो ।

死 後 盡 孝 徒 枉 然

सु ह्व चिन स्याव थु वाङ यान

६६. हाम्रो बुबा आमाको जीवन पश्चात हामी कर्तव्यवान हुनुको कुनै औचित्य रहँदैन ।

孝 順 傳 家 孝 是 寶

स्याव सुन छुवान च्या स्याव सु पाव

६७. आफ्नो र आफूले गर्नुपर्ने काम कर्तव्यहरु एउटा पुस्ताबाट अर्कोपुस्तामा हस्तान्तरण हुँदै गईरहेको हुन्छ । त्यसकारण सभ्य बाबुका सभ्य सन्तान हुन्छन ।

孝 性 溫 和 孝 味 甘

स्याव सिन वन ह स्याव वए कान्

६८. वास्तविक कर्तव्यनिष्ठता भन्ने कुरा जसरी एउटा सुगन्धित फूलबाट सुगन्ध निस्कन्छ त्यसरी नै प्रतिविम्बित हुने गर्दछ ।

羔 羊 跪 乳 尚 知 孝

काव याङ कुई यु साङ चु स्याव

६९.भेडाबाखाले पनि आफ्ना आमाप्रति कर्तव्य निर्वाह गरिरहेका हुन्छन् । त्यसैले कि तिनीहरु घुँडा टेकेर दुध पिउने गर्दछन् ।

烏 鴉 反 哺 孝 親 顏

ऊ या फान पु स्याव छिन यान

७०.एउटा कागले पनि उसको आमा बाबुको बुढेसकालमा आहार खोजी ल्याएर आमाबाबुप्रतिको आफनो कर्तव्य पुरा गरिरहेको हुन्छ ।

為 人 若 是 不 知 孝

वए रन युवा सु पु चु स्याव

७१. यदि हामी मनुष्य भएर पनि अशिक्षित र कर्तव्य विमुख छौं भने देखि हाम्रो लागि त्यहि नराम्रो मानिन्छ ।

不 如 禽 獸 實 可 憐

पु यु छिन सो सु ख लियान

७२. यदि त्यस्तो भएमा हामी र जनावरमा केही भिन्नता नहुने हुँदा त्यो हाम्रो लागि दुःखको कुरा हुनेछ ।

百 行 萬 善 孝 為 首

पाई सिङ वान सान् स्याव वए स्वो

७३. सयौं हजारौं गुण र राम्रा काम मध्ये कर्तव्यनिष्ठवांन हुनु एक महत्वपूर्ण कार्य हो। निष्ठावान हुनु राम्रो कामको जड हो।

當 知 孝 字 是 根 源

ताङ चु स्याव चु सु कन् युयान

७४. कर्तव्यपरायण हुनु असल काम र सद्गुणको सुरुवात वा जड हो।

念 佛 行 善 也 是 孝

नियान फो सिङ सान इया सु स्याव

७५. जस्तो कि हामीले बुद्ध-बोधिसत्वको ध्यान गर्नु पनि हाम्रो निष्ठावान वा कर्तव्यपरायण हुनु हो।

孝 仗 佛 力 超 九 天

स्याव चाङ फो लि छाव च्यू थियान

७६. यदि हामीले बुद्ध र बोधिसत्वको ध्यान गर्नाले बुद्ध शक्तिले हामीलाई कर्तव्यपरायण हुँदै स्वर्ग जानको लागि मद्दत वा अभिप्रेरित गर्दछ।

大 哉 孝 乎 大 哉 孝

ता चाई स्याव हु ता चाई स्याव

७७. कर्तव्यपरायणता भन्ने कुरा एकदमै ठूलो, महत्वपूर्ण आश्चर्यपूर्ण, सम्मानजनक र भव्य पनि छ ।

孝 矣 無 窮 孝 無 邊

स्याव इ ऊ छ्योङ स्याव ऊ पीयान

७८. कर्तव्य र कर्तव्यपरायणता भन्ने कुरा एकदमै असिमित र कहिल्यै नटुङ्गिने कुरा हुन् ।

此 篇 句 句 不 離 孝

छु फियान चुई चुई पु लि स्याव

७९. यो सुत्र कर्तव्य र कर्तव्यपरायण शब्दबाट कहिल्यै अलग्गिन र टाढा रहन सक्दैन ।

離 孝 人 倫 顛 倒 顛

ली स्याव रन लुन तियान् तावो तियान्

८० यदि हामी कर्तव्य शब्दबाट टाढा रह्यौ भने हामी सत्कर्मबाट बिमुख हुनेछौं ।

念 得 十 遍 千 個 孝

नीयन त सु पीयन छियन क स्याव

८१. हामी यो कर्तव्यपरायणताको सूत्र वा गीत दश हजार चोटी गाउँछौं बा उच्चारण गर्दछौं ।

念 得 百 遍 萬 孝 全

नियन त पाई पियन वान् स्याव छुयान

८२. या त हामी सयौं चोटी गाऔं वा दशहजार पटक त्यो सबै शुद्ध वा राम्रो मानिन्छ ।

千 遍 萬 遍 常 常 念

छियन पियन वान पियान छाङ छाङ नियान

८३. हामीले यो सूत्रलाई बारम्बार दोहोऱ्याउन वा शुद्धसँग उच्चारण गर्नुपर्ने हुन्छ ।

消 災 免 難 百 孝 篇

स्वो चाई मियान नान् पाई स्याव फियान

८४. हामीले यो सूत्र एक चित्त भई गायौं भने हामी दैवी प्रकोपबाट धेरै चोटी बच्न सक्छौं ।

父母恩德，無窮無邊

不孝之悔，卒難陳報

承印
Printed by:

協成印務公司
Percetakan Bintang Jaya Sdn. Bhd.
No.40, Jalan 17/42, Taman Kok Doh, Segambut,
51200 Kuala Lumpur, Malaysia.
Tel: 03-6251 5319, 6257 7829
Fax: 03-6257 0428
Email: nmapae@yahoo.com.my